# साहित्यमा सामाजिकता विश्लेषणको अवधारणात्मक ढाँचा

*रामहरि लम्साल, पिएच.डी*[*]

***Article History:*** *Received 5 Sep. 2021; Reviewed 18 Oct. 2021; Revised 14 Nov. 2021; Accepted 23 Dec. 2021.*


## *लेखसार*

*प्रस्तुत आलेख साहित्यिक कृतिको सामाजिकता विश्लेषण गर्ने अवधारणतमक ढाँचा निर्माणमा केन्द्रित रहेको छ । साहित्य सर्जकको भाषिक उत्पादन हो । सर्जक सामाजको एक सचेत व्यक्ति पनि हो । उसको सिर्जनामा कुनै न कुनै रूपमा समाजको प्रतिबिम्ब उतारिएको हुन्छ । साहित्यकारले कुनै साहित्यिक कृतिमा कस्तो समाजको प्रतिबिम्ब कसरी उतारेको छ भन्ने विषयको चिरफार गर्ने भाषिक कर्मलाई सामासकिता विश्लेषण भनिन्छ । यो कुनै कृतिमा रहेको सामाजिकता विश्लेषण गर्ने विधि र प्रक्रियाको अवधारणात्मक आधार हो । यस अध्ययनमा मूलतः अगमनात्मक विधिको प्रयोग गरिएको छ ।यसमा विभिन्न अध्ययनबाट प्राप्त सामाजिकताका उपकरणलाई सूत्रबद्ध गरी सामाजिकता अध्ययन गर्ने स्पष्ट ढाचा निर्माण गरिएको छ । साहित्यमा सामाजिकता अध्ययन गर्ने विधिलाई समस्याका रुपमा ग्रहण गर्दै साहित्यिक कृतिहरूमा प्रतिबिम्बित हुने सामाजिक विषयको पहिचान र तिनको विश्लेषणका निम्ति उपयोगी हुने अवधारणत्मक ढाचा प्रस्तुत गर्नु यस अध्ययनको उद्देश्य रहेको छ । यो अध्ययन साहित्यमा सामाजिकता विश्लेषण निम्ति प्रयोग गर्न सकिनेसामान्य अवधारणात्मक आधारहरूको प्रस्तुत हो । कुनै पनि साहित्यिक कृतिको सामाजिकता अध्ययनका निम्ति समाजशास्त्रीय आलोचनाका साथै समाजपरक समालोचना समेतको उपयोग गर्न सकिन्छ । यस अध्ययनमा समाजशास्त्रीय आलोचनाका विभिन्न उपकरणहरूको उपयोग गरी साहित्यको सामाजिकता अध्ययन गर्न सकिने अवधारणात्मक ढाँचा प्रस्तुत गरिएको छ । यस अवधारणामा साहित्यिक कृतिहरूमा प्रतिबिम्बित हुने अनेकौं सामाजिक श्रेणी, संस्था, संस्कृति र समस्याका विषयहरूलाई कुन कुन कोणबाट विश्लेषण गर्न सकिन्छ र केकस्ता उपकरणहरूको प्रयोग गर्न सिकन्छ भन्ने विषयमा विहङ्गम अध्ययन गरिएको छ । प्रस्तुत अवधारणा साहित्यको सामाजिकता अध्ययनको एउटा ढाँचा हो । यो अवधारणत्मक ढाँचा साहित्यमा अभिव्यक्त सामाजिक वस्तुपक्षको विश्लेषणका निम्ति उपयोगी हुने निष्कर्ष निकालिएको छ ।*


***शब्दकुञ्जी : सञ्जाल, रक्तसम्बन्ध, नश्ल, सार्वभौमसत्तासम्पन्न, प्रकार्य***

## विषय परिचय

सामाजिकता समाजको हरेक क्षेत्रमा फैलिएर रहेको जटिल सामाजिक प्रणाली हो । सामाजिकता मानव मात्रको जातीय, वर्गीय तथा लैङ्गिक भूमिका एवम् सामाजिक व्यवहारबाट अभिव्यक्त हुने सबै मानवीय क्रियाकलापको समग्रता हो ।सामाजिकता व्यापक विषय भएकाले समाजको व्यापक क्षेत्रमा यसको फैलावट रहेको हुन्छ । मानिसले समाजबाटै सबै प्रकारका ज्ञान, सिप, दक्षता र कर्तव्याकर्तव्य व्यवहारका विधिविधानहरू सिक्छ अनि समाजमै बसेर आर्जित ज्ञान, सिप, दक्षता, योग्यता र व्यवहारका विधिविधानलाई आफ्नो दैनिक व्यवहारिक आचरणमा उतार्छ । मानिस जन्मिदाको पशुवत् अवस्थाबाट बिस्तारै चेतनशील हुँदै र खारिदै समाजको अभिन्न अङ्ग बन्छ ।समाज आफैँमा एक सङ्गठन भएकाले

[*] सह-प्राध्यापक, सरस्वती बहुमुखी क्याम्पस (मानविकी सङ्काय, नेपाली विभाग), त्रिभुवन विश्वविद्यालय, नेपाल ।

समाजमा बस्ने मानिसहरू औपचारिक सम्बन्धको सञ्जालमा जेलिएर रहेका हुन्छन् र एकआपसमा प्रतिबद्ध भएर सामाजिक प्राणीका रूपमा समाजमा मिलेर बसेका हुन्छन्। तसर्थ सामाजिक हुनुको भावमा सामाजिकता रहेको स्पष्टहुन्छ (राओ, सन् २००८, पृ. १०४) ।मानिसलाई दानापानीको आवश्यकता भए जस्तै समाजको आवश्यता हुन्छ । सामाजिक न्यायको स्थापना, उन्नत जीवनको अपेक्षा, सबैको हितचिन्तन र मानव सेवाको उद्देश्यबाट प्रेरित भई अलग अलग व्यक्ति भएर पनि एकैसाथ सामाजिक जीवन यापनका निम्ति गरिने अभ्यास र क्रियाकलापको समग्रता नै सामाजिकता हो । मानिस जहाँ बस्छ त्यहीँ आफ्नो लागि आवश्यक पर्ने गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षाको व्यवस्था गर्छ । एक मान्छे जसको आधिपत्य स्वीकार गरेर घुलमिल भई बस्छ त्यो अधिपति नै समाज हो र यसरी बस्ने उसको व्यावहारिकतामा नै सामाजिकता रहेको हुन्छ ।

सामाजिक सञ्जालभित्र व्यक्ति, परिवार, समूह र समुदाय हुँदै बृहत् समाजको निर्माण हुन्छ । व्यक्तिको उदारता, सहनशीलता, समझदारी, लचकतायुक्त बानीव्यहोरा एवम् परिवार र सबैसँग घुलमिल भएर बस्न सक्ने मानवीय व्यवहार नै सामाजिकता हो । स्त्रीपुरुष हुनुको लैङ्गिक र व्यावहारिक जीवनको प्रदर्शन, व्यक्तिका बिचमा आपसी समानता, व्यावहारिक दक्षता, सौहार्द्रता र सामञ्जस्यता, धार्मिक आस्थाको प्रदर्शन, आर्थिक एवम् राजनीतिक संलग्नता, संस्कृतिको अबलम्बन, सभ्यताको प्रदर्शन, आदर्श परम्परा र नैतिक आचरणमा निपुणता, शिक्षा र मनोरञ्जनमा अभिरुचि हुनु, जीवनमा आइपर्ने गरिबी, बेरोजगारी, अपराधवृत्ति, युद्ध र झगडाका विखण्डनकारी समस्या झेल्दै व्यवहारमा खारिनु सामाजिक हुनु हो । यसरी सामाजिक व्यवहारमा खारिएर समाजग्राहय हुने र समाजमा सिकेका सिप र अनुभवलाई व्यवहारमा उतार्ने कामको समग्रतालाई सामाजिकता भनिन्छ । साहित्यिक कृतिमा अभिव्यक्त समाजका यिनै विविध पक्षलाई सम्यक समीक्षा र विवेचना गर्ने भाषिक कार्यलाई सामाजिकता विश्लेषण भनिएको हो । सामाजिक सम्बन्धका विषयमा गरिएका विभिन्न अध्ययनका आधारमा कृतिको सामाजिकता विश्लेषण गर्ने उपकरणको खोजी गरी तिनलाई व्यवस्थित समूहमा संगठित गर्ने र संरचनात्मक ढाँचा निर्माण गर्ने प्राविधिक कार्यको व्याख्या यस आलेखमा गरिएको छ । प्रस्तुत ढाँचाका माध्यमबाट साहित्यिक कृतिमा रहेको सामाजिकताका विभिन्न पक्षको अध्ययन र विश्लेषण गर्न सकिने भएकाले यसलाई साहित्यमा सामाजिकता विश्लेषणको अवधारणत्मक ढाँचा भनिएको हो ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययनका निम्ति पुस्ताकलयीय स्रोतबाट सामग्रीको सङ्कला गरिएको छ । यस अध्ययनमा साहित्यको सामाजिकता विश्लेषण गर्ने अवधारणात्मक ढाँचा प्रस्तुत गरिएको छ । यसमा साहित्यमा अभिव्यक्त सामाजिकता सम्बद्ध विविध विषयको पहिचान गरी त्यसको विश्लेषण गर्ने विधि/उपकरण प्रस्तुत गरिएको छ । यसका निम्तिमूलतः आई.टी. फ्रोलोवको *दर्शनकोश,* विद्याभूषण र सचदेवको *समाजशास्त्र के सिद्धान्त,* पदमलाल देवकोटाको *समाजका ढाँचाहरू र* कमलराज शर्माको *आधारभूत समाजशास्त्र तथा मानवशास्त्र,* टर्नर एस्. ब्रयानको *द क्याम्ब्रिज डिक्सनरी अफ सोसियोलोजी,* शशिभूषण पाण्डेयको *मार्क्सवादी समाजशास्त्रीय और ऐतिहासिक आलोचना,* राजेन्द्र मास्केको *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान*जस्ता कृतिरूबाट सामाजिकताका उपकरण ग्रहण गरी साहित्यमा सामाजिकताको पहिचान गर्ने र साहित्यको सामाजिकता विश्लेषण गर्ने अवधारणात्मक ढाँचा निर्माण गरिएको छ । प्रस्तुत आलेख साहित्यिककृतिको सामाजिकता अध्ययन गर्ने सामान्य ढाँचानिर्माणमा सीमित रहेको छ ।

## सामाजिकताको व्याख्या र अवधारणात्मक ढाँचा

समाजका हरेक क्षेत्रमा फैलिएर रहेको जटिल सामाजिक प्रणालीलाई सामाजिकता भनिन्छ । सामाजिकता मानव समाजको विधि र पद्धति हो (ब्रचान, २००६ पृ. ५९२) । समाज मानवजातिको बसोबासको थलो र सामाजिक अभ्यासको विशाल सञ्जाल भएकाले सामाजिकता यही सामाजिक सञ्जालमा जेलिएर रहेको हुन्छ । सामाजिकता मानवीय प्रवृतिको अभिन्न अङ्ग हो । मानिस स्वभाविक रूपमा सामाजिक प्राणी भएकाले प्रकृति र सामाजिक जगतसित सम्बन्धित हुन्छ । मानिसको क्षमता र मानवीयपन शून्यमा सृजना हुँदैन । यो समाजको सम्पर्कबाटै सिकिन्छ र व्यवहारमा अभिव्यक्त हुन्छ (रिजर, २००० पृ. ५४) ।सामाजिकता व्यापक विषय भएकाले समाजको व्यापक क्षेत्रमा यसको फैलावट रहन्छ । समाज आफैँमा एक सङ्गठन भएकाले समाजमा बस्ने मानिसहरू औपचारिक सम्बन्धको सञ्जालमा जेलिएर रहेका हुन्छन् र एकआपसमा प्रतिबद्ध भएर बसेका हुन्छन् (राओ, सन् २००८, पृ. १०४) । यी भनाइबाट मानव वंशका जातीय, वर्गीय, लैङ्गिक, भौगोलिक एवं वैयाक्तिक सामाजिक व्यवहारमा अभिव्यक्त हुने सबै मानवीय कियाकलापको समग्रता नै सामाजिकता भएको स्पष्ट हुन्छ । समाजमा अनेकौं जाति, वर्ग, लिङ्ग, भूमिका र भौगोलिकता व्यवस्थाबाट निर्मित सामाजिक श्रेणी हुनु, समाजको श्रेणीमा रहेका संगठित संस्थाका माध्यमबाट अनकौं सामाजिक कियाकलाप सम्पादन हुनु, समाजमा संस्कृति र सभ्यताको निर्माण, अभ्यास र उपभोगको निरन्तरता हुनु एवं समाजमा सम्पादन हुने समाजिक आचरण र अभ्यासका भिन्नता र कठिनाइबाट सिर्जित मानापमान र उँचनिच जस्ता समस्या देखा पर्नु यसका अभिलणहरू हुन् (ओयेलोला र आयेयिपो, २०२०, पृ. १२९) । सामाजिकताका यिनै अभिलक्षणका आधारमा सामाजिकता विश्लेषण गर्ने मोटामोटी ढााचाको विश्लेषण निम्न शीर्षकहरूमा गरिएको छ । सामाजिकताका अनेकौं पक्ष हुने भएतापनि प्रस्तुत अध्ययनमा सामाजिकताको श्रेणीअन्तर्गग जातियता वर्गीयता र लैङ्गिकतालाई भूगोलसँग सम्बद्ध गर्नु, सामाजिक संस्थाअन्तर्गत पारिवारिकता, धार्मिकव्यवहार, अर्थव्यवस्था र राजनीतिक व्यवस्थामा सीमित गर्नु, संस्कृतिक परम्पराअन्तर्गत संस्कृति र सभ्यता, रूढिगत मानयता, शिक्षा र मनोरञ्जन तथा नैतिक आदर्शमा मात्र प्रवेश गर्नु,सामाजिक समस्याअन्तर्गत गरिबी, बेरोजगारी, अपराधवृत्ति, युद्ध र झगडाबाट सिर्जित मानपमानका आन्तरिक एवं वाह्यपक्षमा मात्रसीमित रहेर यिनै विषयको व्याख्या गरिएको छ ।

## सामाजिक श्रेणी

सामाजिक श्रेणी अन्तर्गत जातीयता, वर्गीयता, लैङ्गिकता र भौगोलिक भूमिकालाई लिन सकिन्छ । जातीयताभित्र जातजाति, जनजाति र समुदाय, वर्गीयताभित्र उच्च, मध्यम र निम्नवर्ग, लैङ्गिकता पुरुष, नारी र अन्यको प्राकृतिक तथा सामाजिक लिङ्ग भेद तथा भौगोलिकताभित्र हिमाल पहाड र तराईको सामाजिक जीवनलाई आधार बनाइएको छ ।

**जातीयता** : समाजको विकाससँगै स्थापित हुँदै आएको मानव जातिको मूलनस्ल आर्य, मङ्गोल, द्रविड आदिको गोत्रीय वंशपरम्परा, धर्मकर्म र संस्कारका आधारमा विभेदीकृत गरिएको बाहुन, क्षत्री, ठकुरी, तामाङ, गुरुङ, मगर, राई, लिम्बु, थारु आदिलाई जाति भनिन्छ । यिनै जातीय गुण र विशेषता भएका सामाजिक समूह हुनुको भाव जातीयता हो । नेपाली भाषामा प्रयोग हुँदै आएको जाति शब्द र आजकल समाजशास्त्रमा बहुप्रचलित जात शब्द दुवै समान हुन् । संस्कृतको 'जन्' धातुमा 'क्तिन्' प्रत्यय लागेर जाति र 'क्त' प्रत्यय लागेर जात शब्द बनेको हो । यी दुवै शब्दको अर्थ पैदा हुनु, उत्पन्न हुनु वा जन्म हुनुसँग सम्बन्धित छ । समान अवस्थामा उत्पन्न भएको मानिसको सन्तानलाई दार्शनिक अर्थमा जाति भनिएको छ (आप्टे, सन् १९९९, पृ.४०१) । जातिपातिका आधारमा मानिसको स्तर निर्धारण गरिने परम्पराबाट जातको व्यवस्था रहन गएको हो । जातीयताभित्र विभिन्न जातजाति, जनजाति र समुदाय पर्दछन् । अङ्ग्रेजी

भाषाका *एथ्निसिटी, नेसनालिटी र रेसिज्म* शब्दले नेपाली जातीयताको अर्थ वहन गरेको छ । रसियन दर्शनशास्त्री आइ.टी. फ्रोलोवले जातीयतालाई अर्थ्याउँदै लेखेका छन्- "मानव वंशका गोत्र वा कविला समूहपछि रक्तसम्बन्ध र भाषाको एकआपसमा विलय भएर आविर्भाव भएको सङ्गठित वर्ग जाति हो । ती प्रत्येक जातिलाई आआफ्नै सामूहिक नाम प्राप्त हुनुका साथै उनीहरूभित्र एक समान संस्कृतिको जन्मबाट जातीयताको धारणा उत्पन्न भएको हो" (सन् १९८८, पृ. २१४) । यसरी अलग जाति हुनुको गुण र विशेषता तथा तिनको सामूहिक चेतना, संस्कार, संस्कृति आदिको समग्रतालाई जातीयता भनिएको हो । जातीयताभित्र मानवका जातजाति, जनजातिका विशिष्टि समूह र समुदाय पर्दछन् ।

जातिप्रथा सामाजिक अवधारणामा आधारित एक प्रकारको सामाजिक व्यवस्था हो । हिन्दु सामाजिक परम्परामा रहेको जातिप्रथा प्रचलित सामाजिक श्रेणीको एउटा व्यवस्था हो । जातिगत सामाजिक प्रथाले अलग अलग सामाजिक कामको विभाजन गरेको हुन्छ । जाति प्रथाले आफ्नो जातिबाहिर विवाह गर्न निषेध गर्छ, खानपानमा परहेज र प्रतिबन्ध लगाउछ, जन्मजात रूपमा जातिहरूबिच उाचनीचको भावना पैदा गराउनुका साथै व्यवसायको सुनिश्चितता र जातिहरूको प्रतिष्ठासमेत निर्धारण गर्ने उल्लेख पाइन्छ (क्षत्री र खतिवडा, २०५४, पृ. २१६) । यसरी जातजातिगत प्रथाले सामाजिक आचरण, अनुशासन, मर्यादा, सद्भाव र सहकार्यको व्यवस्थासमेत निर्धारण गर्छ भन्ने बुझिन्छ ।

**वर्गीयता** : समाजमा समान औकात र स्थिति भएका मानिसहरूको समूह नै सामाजिक वर्ग हो । सामाजिक वर्ग भन्नाले कुनै समाजभित्र एकै किसिमको स्रोत साधान उपयोग गर्ने, समान किसिमको मान, सम्मान, इज्जत, प्रतिष्ठा, शक्ति सम्पन्नता, सम्पत्ति, आम्दानी र पेसागत अधिकार भएका व्यक्तिहरूको समूह बुझिन्छ ।सामाजिक स्तरीकरणका आधारमा निर्मित सामाजिक वर्ग मानवीय समाज व्यवस्थाको एकश्रेणी हो । आधुनिक समाजमा वर्ग शब्दले समाजभित्र आर्थिक तथा सामाजिक तहका आधारमा विभाजित मानव समूहलाई जनाउँदछ । यो समान रूपमा धन, इज्जत, शक्ति र प्रतिष्ठासम्पन्न व्यक्तिको एक तह हुनुका साथै समान स्थिति भएका व्यक्तिहरूको समग्रता पनिहो (शर्मा, २०६४, पृ. ३१०) । वर्गीयतापरक सामाजिक तह समाज व्यवस्थाकै एक अङ्ग हो । आर्थिक दृष्टिबाट विभेदीकृत समूह नै वर्ग हो । यस दृष्टिबाट वर्ग मूलरूपमा उच्च, मध्यम र निम्न तीन प्रकारले विभाजित छ । कुलीन, अकुलीन, सम्पन्न, विपन्न, सामन्ती, रैती, पुरुष, नारी, दलाल, ठग, गुन्डा आदि कोणबाट पनि वर्गीयता निर्माण भएको हुन्छ । त्यसैले वर्ग हुनुको भाव, वर्गको हित बोल्ने विचार, आकाङ्क्षा र भावनात्मक सम्बन्ध भएको सामूहिक वैचारिकता नै वर्गीयता हो । धनी, गरिब, उाच, नीच, सानो, ठुलो, चोखो बिटुलो आदिको चेतनाबाट हुने वर्गको विभेद वर्गीयता हो । वर्गीयता वर्गहरूको साझा नाम हो । समान धर्म, संस्कृति, भाषा आदि भएका मनिसको समूह पनि वर्ग हो । हिन्दु सामाजिक परम्परामा प्रचलित वर्णकै रूपान्तरित सामाजिक श्रेणी वर्ग हो । सामाजिक स्तरीकरणका आधारमा निर्मित सामाजिक वर्ग मानवीय समाज व्यवस्थाको एक श्रेणी हो । आधुनिक समाजमा वर्ग शब्दले समाजभित्र आर्थिक तथा सामाजिक तहका आधारमा विभाजित मानव समूहलाई जनाउँछ । यो समान रूपमा धन, इज्जत र शक्ति भएका व्यक्तिको एक तह हो र समान स्थिति भएका व्यक्तिहरूको समग्रता हो । सामाजिक वर्ग भन्नाले समान अवसर, समान सुविधा र जीवनस्तर भएका व्यक्तिहरूको एक अंश एक समूह हो । यसका सदस्यहरू आपसमा समान हुनुका साथै स्वीकृत सामाजिक मानदण्डका आधारमा अलग हुन्छन् । सामाजिक वर्गलाई कुनै स्थानमा प्रचलित स्तरीकरण प्रणाली अनुसारको उस्तै आर्थिक, राजनीतिक र धार्मिक जीवन भएका समान सांस्कृतिक समूहको विशिष्ट रूप भनी उल्लेख गरिएको छ (विद्याभूषण र सचदेव, सन् १९९७, पृ. ३५२) ।

**लैङ्गिकता** : लिङ्ग शब्दको अर्थ चिह्न, लक्षण, प्रमाण, योनी, शिश्न, स्त्रीपुरुष छुट्ट्याउने अङ्ग, शिव, देवमूर्ति, एक प्रकारको अभिसूचक र सूक्ष्म शरीर आदि हुन्छ । समाजशास्त्रमा लिङ्गको तात्पर्य नारी पुरुषमा रहेको जैविक भिन्नताका साथै नारी र पुरुषबिचको सामाजिक भिन्नता जनाउन प्रयोग गरिन्छ ।

समाजशास्त्रमा लिङ्ग भन्नाले वास्तविक जैविक लिङ्गबाट भिन्न आफू स्त्री वा पुरुष भएको व्यक्तिको अवधारणा नै लैङ्गिकता हो (शर्मा, २०६४, पृ. ३२५) । समाजमा रहेको भाले र पोथीको अवधारणा र तिनको सामाजिक तहगत भिन्नता नै लैङ्गिकता हो । प्राकृतिक लिङ्गका हिसाबले तोकिएको र गर्नुपर्ने कामको दायित्व बोध नै लैङ्गिकता हो । पुरुष र नारीबिच शिक्षा, संस्कार, आचरण, जिम्मेवारी, आर्थिक अधिकार, राजनीतिक अधिकार, न्यायिक अधिकार, मान, सम्मान र इज्जत आदि सामाजिक विषयमा लैङ्गिकता रहेको हुन्छ । यही लिङ्गका आधारमा निर्माण हुने सामाजिक मान्यता, रीतिरिवाज, चालचलन र समग्र व्यवहरमा देखिने विभेदलैङ्गिक सामाजिकता हो । मानव समाजलाई श्रमविभाजनले पनि व्यवस्थित गरेको हुन्छ । श्रमविभाजनका कतिपय सामाजिक विषयहरू लैङ्गिक भिन्नताकै आधारमा गरिने सामाजिक विभेद बन्दछन् । शिक्षा, रोजगारी, घरायसी काम, निर्णय प्रक्रिया, बालबच्चाको रेखदेख र तिनका शिक्षादीक्षा आदि सामाजिक व्यवहारमा भिन्नता र विविधताकोदृष्टिकोण लैङ्गिक सामाजिक श्रेणी हो । प्राकृतिक विशेषताले निर्धारण गर्ने काम र सामाजिक व्यवहारले निर्धारण गर्ने भिन्नताबाट लैङ्गिक सामाजिक श्रेणी निर्माण भएको हुन्छ । कला कृतिमा रहेका खास किसिमको समाजमा आबद्ध नारी पुरुषको सामाजिक अवस्था र सम्बन्धको रेखाङ्कन नै लैङ्गिकताको अध्ययन हो ।

समाजमा व्यक्तिले प्राप्त गरेको काम, कर्तव्य, अधिकार, विश्वास, मान्यता, पद, प्रतिष्ठा र अनुशासनको खास सामाजिक अवस्थालाई लैङ्गिक भूमिका भनिन्छ । भूमिका व्यक्तिले समाजमा प्राप्त गरेको स्थान र अवस्थिति हो । यसले व्यक्तिलाई खास हैसियत वा पदमा राख्दछ । यो पनि एक सामाजिकश्रेणी हो । यो परिवर्तनशील हुन्छ । व्यक्तिको दैनिक नियमित व्यवहारमा सामाजिक भूमिका स्थापित भएको हुन्छ । समाजमा कार्य विभाजन, पदस्थापन, जिम्मेवारी निर्धारण, नेतृत्व परिचालन आदि कार्य नै सामाजिक भूमिका हो । व्यक्ति एक सामाजिक सदस्यको हैसियतले जे काम गर्छ, त्यो उसको सामाजिक भूमिका हो । कमलराज शर्माका अनुसार-"समाजद्वारा समाजका व्यक्तिलाई प्रदान गरिएको जिम्मेवारीलाई भूमिका भनिन्छ । पद र स्थान व्यक्तिले धारण गर्दछ भने भूमिका निर्वाह गरिन्छ । एक व्यक्ति जुन प्रकारबाट उसको स्थानसाग सम्बन्धित सुविधा, विशेषाधिकार उपयोग वा उपभोग गर्दछ, दायित्वको निर्वाह गर्दछ त्यसैलाई सामाजिक लैङ्गिक भूमिका भनिन्छ" (२०६४, पृ. १३४) । व्यक्तिको सामाजिक भूमिका सामाजिक व्यवस्था, प्रणाली, स्तरीकरण र श्रमविभाजनमा आधारित रहेको हुन्छ । सामाजिक व्यवस्थामा हरेक व्यक्तिलाई एक विशिष्टकार्य सम्पादन गर्न दिइन्छ । उसले सम्पादन गर्ने त्यही विशिष्टकार्य सामाजिक भूमिका हो । त्यसैबाट उसको सामाजिक भूमिको श्रेणीनिर्माण हुन्छ ।

सामाजिक संरचनामा व्यक्तिगत एकाइहरूको शृङ्खलाबद्ध अन्तरसम्बन्ध हुन्छ । व्यक्ति वा समूहले प्राप्त गरेको तहगत स्थान वा भूमिका महत्त्वपूर्ण मानिन्छ । व्यक्तिले समाजमा कुनै पदीय सम्मान वा स्थान प्राप्त गर्दछ । त्यहाा विभिन्न आदर्श र मूल्यहरू हुन्छन् । मूल्यहरूलाई ठिक ढङ्गले लागु गर्न शासनको आवश्यकता पर्दछ । शासन भनेको एक प्रकारको सास्ती हो । सासना, यातना, पीडा, कष्ट, दण्ड, जरिवाना, प्रायश्चित्त, पश्चाफाप आदिले सास्तीको भूमिका पुरा गर्छन् । सामाजिक व्यक्तिले आˆनो दायित्व र कर्तव्यको पालना गर्दै सामाजिक उत्तरदायित्व वहन गर्ने कार्य नै उसको सामाजिक भूमिका हो (विद्याभूषण र सचदेव, सन् १९९७, पृ. ३९५) । व्यक्तिको सामाजिक स्थान र स्थितिले उसको भूमिकाको श्रेणी स्थापित भएको हुन्छ । समाजका सदस्यको जातजाति, वर्ग र लिङ्गका दृष्टिबाट राजा, मालिक, साहु, शासक, सामन्त, नेता जस्ता सामाजिक भूमिका हुन्छन् । यसबाहेक प्रजा, रैती, आसामी, शोषित, सेवक, कार्यकर्ता आदिको भूमिका पनि सामाजिक व्यक्तिले प्राप्त गरेका हुन्छन् । व्यक्तिको भूमिका भौगोलिकता वा क्षेत्रीयताले पनि प्रभाव पारेको हुन्छ । कुनै खास भूगोल हिमाल, पहाड वा तराईका कारण व्यक्तिको रहन सहन, भेषभूषा, संस्कार र संस्कृतिमा भिन्नता रहेको पाइन्छ । भौगोलिकताले क्षेत्रीतालाई बढावा दिइरहेको हुन्छ । तसर्थ भौगोलिकता पनि व्यक्तिको सामाजिक भूमिकामाख परिवर्तन ल्याउने तत्त्व हो ।

## सामाजिक संस्था

यसअन्तर्गत व्यक्तिसमूह, परिवार, विवाह र नाता, धार्मिक आस्था र व्यवहार, अर्थव्यवस्था र राजनीतिक व्यवस्था जस्ता विषयहरू पर्दछन् । व्यक्तिसमूहभित्र पेसागत समूह, साथीसागाति, समान स्वार्थ भएका व्यक्तिहरू तथा विभिन्न कार्यक्षेत्रका असङ्गठित मानिसहरूको जमात, परिवारभित्र एकल र संयुक्त परिवार,विवाहभित्र मागी, राजी, प्रेम र बलजफती विवाह, धार्मिक आस्था र व्यवहारभित्र विभिन्न धर्मका अभ्यास र विधिविधान, अर्थव्यवस्थाभित्र कृषि, पशुपालन, व्यापार र नोकरी, राजनीतिक व्यवस्थाभित्र सामन्तवादी तथा पुाजीवादी राज्यव्यवस्थाका सामाजिक सन्दर्भहरूपर्दछन् ।

**व्यक्तिसमूह** : व्यक्तिसमूह त्यस्तो सामाजिक संस्था हो जुन साझा उद्देश्यका लागि एकसाथ आएको हुन्छ र समाजको सामाजिक व्यवस्थाभित्र एक अंश बनेर रहेको हुन्छ । यसले व्यक्तिगत व्यवहार र अपेक्षालाई नियन्त्रण गर्दै सामूहिक हित र अपेक्षाअनुरूप सामाजिक व्यवहार गर्दछ । व्यक्तिहरूको एकत्व र मेलबाट व्यक्तिसमूह बन्छ । व्यक्तिसमूह मानवीय सामाजिक संरचनाको महत्त्वपूर्ण घटक हो । व्यक्तिको परिवार हुन्छ, विभिन्न समूह हुन्छ र सामाजिक आबद्धता हुन्छ । त्यसैले व्यक्तिसमूहको संरचना सामाजिक प्रकार्यको संस्थागत अङ्ग बन्छ । व्यक्तिहरूबिच प्रत्यक्ष वा अप्रत्यक्ष सम्पर्क र सञ्चार हुनु समूहको विशेषता हो । व्यक्तिहरूबिचको भावनात्मक सचेतता, एकता, समान व्यवहार र स्थापित मूल्यमान्यताको पालना व्यक्तिसमूहको सामाजिक कर्तव्य हुन्छ । फरक आकार प्रकारमा विभाजित व्यक्तिसमूहमा स्थिरता भित्रको गतिशीलता रहन्छ । यसले व्यक्तिको व्यक्तित्व विकासमा प्रभाव पार्दछ । व्यक्तिसमूहको सामाजिक संरचनाका सम्बन्धमा कमलराज शर्माले लेखेका छन्- “समाजका फरक फरक संस्थागत आबद्धतामा रहेका व्यक्तिहरूको अन्तरसम्बन्धित र अन्तरनिर्भर सामाजिक स्वरूप नै व्यक्तिसमूहको सामाजिक संस्था हो । रेडिक्लिफ ब्राउनले व्यक्ति मानवलाई नै सामाजिक संरचनाको व्यक्तिसमूह संस्था मानेका छन्” (२०६४, पृ.११६) । यस अर्थमा व्यक्ति र व्यक्तिसमूह समाजका अभिन्न र एकआपसमा पूरक अङ्ग हुन् । व्यक्तिलाई समाजबाट छुट्ट्याउँदा व्यक्तिको अस्तित्व रहँदैन । समाज व्यक्तिकै समूहरूप भएकाले व्यक्तिबिनाको मानवीय समाज कल्पना गर्न सकिँदैन । एक खास समाजमा आबद्ध रहेको व्यक्तिसमूहको सामाजिक आबद्धता संस्स्थाको रूपमा रहेको हुन्छ । व्यक्तिचरित्रको व्यक्तिगत वा सामूहिक आबद्धताले सामाजिक संस्थाको प्रकार्य गरिरहेको हुन्छ । तिनका पारिवारिक व्यवस्था पनि सामाजिक संस्थाकै रूप हुन् । आर्थिक व्यवस्था र राजनीतिक व्यवस्थालाई पनि सामाजिक संस्थाकै रूपमा व्यवहार गरिन्छ । व्यक्तिको परिवार, विवाह, नातासम्बन्ध, पेसा, व्यवसाय, रोजगारी, न्याय, कानुन, प्रशासन जस्ता सामाजिक प्रकार्यहरू संस्थागत भूमिकामा रहेका हुन्छन् ।

**पारिवारिकता** : परिवार समाजको आधारभूत संस्था हो । परिवार सामाजिक संरचनाको आधारभूत एकाइ पनि हो । यो विवाह र रक्त सम्बन्धबाट स्थापित दुई वा दुईभन्दा बढी व्यक्तिहरूको समूह हो । परिवारको निर्माण विवाहपछि हुने भएकाले वैवाहिक र पारिवारिक स्वरूपलाई सामाजले एक संस्थाका रूपमा स्वीकार गर्दछ । विवाहपछि दुई वटा परिवारबिच विभिन्न सम्बन्ध स्थापित हुन्छ । यसबाट सम्बन्धीहरूलाई सम्बोधन गर्न नाता कायम हुन्छ । यसर्थ पारिवारिक संस्थामा विवाह संस्कारपछि नाताहरू स्थापित भएका हुन्छन् । पारिवारिक संस्थाको संरचनामा एकल परिवार र संयुक्त परिवार, विवाहको संरचनामा मागी विवाह, राजी विवाह, प्रेम विवाह र बलजफती विवाह, नाताको संरचनामा विवाहबाट निर्मित नाता, रक्तसम्बन्धबाट निर्मित नाता र भावनात्मक नाताको सामाजिक सम्बन्ध रहेको हुन्छ । पारिवारिक सामाजिक संस्था विवाह र नातेदारी सम्बन्धबाट निर्माण हुन्छ । यस यम्बन्धमा शशिभूषण पाण्डेयले लेखेका छन्-

> पारिवारिक सामाजिक संस्था व्यक्तिहरूको मेल वा सहवासबाट निर्माण हुन्छ । यसभित्र विवाह र नातेदारी सम्बन्धबाट निर्मित एक आन्तरिक संरचना विद्यमान रहन्छ । यसको

> प्रकार्य दुई, तिन वा धेरै सन्तान र आश्रितहरूको पालनपोषण गर्नु हो । यसमा प्रमुख भूमिका पिता, माता र आश्रितहरूको हुन्छ । पारिवारिक संस्थामा विद्यमान भौतिकतत्त्व घरगृहस्थी सञ्चालन र समभावको प्रदर्शन हुन जान्छ (१९९२, सन् पृ.७७)।

यसरी परिवार निर्माणमा विवाहको भूमिका सर्वोपरि छ । विवाहका धेरै प्रकारको हुने भए पनि मागी विवाह, राजी विवाह, प्रेमविवाह र बलजफती विवाह समाजमा बढी प्रचलित छन् । मागी विवाहको प्रतीकात्मकता वाक्दान, टीकाटालो, स्वयंवर, औंठी प्रदान र होमहोमादिका वैदिक विधिविधान हुन् । राजी विवाह केटाकेटी आफैँ राजी भएपछि अभिभावकले सामाजिक संस्थाको संस्कारगत विधान पूरा गरी कन्या दिने विवाह हो । यस प्रकारको विवाहलाई प्रेमविवाहकै एक रूप मानिन्छ । प्रेमविवाहको प्रतीकात्मकता एकान्त वार्ता, रोदी, दोहोरी गायन, निरन्तर भेटघाट, प्रेम प्रणय, चिठीपत्रको आदानप्रदान, मिल्ने साथीको सहयोग आदि हुन् । बलजफती विवाहको प्रतीकात्मकता केटीका बाबुआमालाई लोभलालच र डरधम्की देखाउने, एकान्तमा घेराबन्दी गरी विवश पारेर लैजाने, बलजफती अपहरण गरेर लैजाने, मादक पदार्थ सेवन गराई बेहोस पारेर लैजाने आदि कार्य हुन् । यस्ता कार्यहरू कतिपय समाजमा संस्थाकै रूपमा सक्रिय रहेका हुन्छन् ।

सामाजिक नाता रक्तसम्बन्ध, विवाह र भावनाबाट कायम हुन्छ । नाताको प्रतीकात्मकता विनम्रता, आदरभाव, सम्मान, स्नेह, अभिवादन, आशीर्वचन, क्षमायाचन, कार्यादेश आदि हुन् । यी सबै पारिवारिक संस्था निर्माण गर्ने विधि र संज्ञा हुन् । परिवारमा बा, आमा, हजुरबा, हजुरआमा, काका, काकी, बडबा, बडीआमा, दाजु, भाइ, दिदी, बहिनी, भतिजा, भतिजी, नाति, नातिनी आदिको उपस्थिति रहन्छ । एकै घरको छानामुनि भिन्न नातामा आबद्ध भएर बस्ने व्यक्तिहरूको समूह परिवार हो । परिवारमा बस्ने व्यक्तिहरू एकल र नातेदारका सम्बन्धले एकआपसमा बाधिएका हुन्छन् । यसका साथै उनीहरू आफ्नो सामाजिक तह, आकाङ्क्षा र पारिवारिक सम्बन्धका आधारमा गरिने सञ्चेतनाका सम्बन्धले पनि एकीकृत भएका हुन्छन्(दाहाल र बस्नेत, २०५७, पृ. १११) ।

**धार्मिक व्यवहार** :धार्मिक व्यवहार अतिमानवीय, अलौकिक र अदृश्य शक्तिमा गरिने विश्वास हो । धर्मकै आधारमा मानिसभित्रश्रद्धा, भक्ति, विश्वास, डर र पवित्रताको भावना आरोपित हुन्छ । धर्मको अभिव्यक्ति प्रार्थना, पूजा, पाठ, जप, ध्यान, भजन, कीर्तन र समर्पण आदिबाट हुन्छ । धर्म एक प्रकारको सामाजिक व्यवहार र संवेगात्मक भावना हो । मानिस र उसको समाजभन्दा माथि रहने शक्तिप्रतिको विश्वास नै धर्म हो । धर्मले मानव, जीवजगत् र प्राकृतिक घटना समेतलाई नियन्त्रित र निर्देशित गर्दछ भन्ने जनविश्वास सबैखाले समाजमा हुन्छ । त्यसैले धर्म सामाजिक संस्था बनेर बसेको हुन्छ । एङ्गेल्सको विचारलाई उद्धृत गर्दै कमलराज शर्मा लेख्छन्- "धर्म मानिसको मस्तिष्कमा रहेका बाह्य शक्तिहरूको कपोलकल्पित प्रतिबिम्ब शिबाय अरू केही होइन, यसले मानिसको दैनिक जीवनमा प्रभुत्व जमाएको हुन्छ र प्रतिबिम्बित पार्थिव शक्तिले नै अपार्थिव रूप लिन पुग्छ" (२०६४, पृ. २९१) । धर्मलाई समाजले कसरी धारण गर्छ भन्ने विषय पनि एकैनास हादैन । समाजमा धर्मको अस्तित्व, स्वरूप र उपयोगका सम्बन्धमा व्याख्या गर्दै भनिएको छ - "धर्मको सामाजिक रूप प्रगतिशील छ कि प्रतिक्रियावादी भन्ने प्रश्नको उत्तर एकै किसिमले दिन सकिदैन, कारण विभिन्न वर्ग र सामाजिक तप्काले आ-आफ्नै राजनीतिक उद्देश्यपूर्तिका लागि धर्मको प्रयोग गरिरहेका हुन्छन्" (मास्के, सन् १९८५, पृ. ४५५) । उल्लिखित उद्धरणबाट धर्म बाहयशक्तिमा गरिने सामाजिक विश्वास हो र यसको प्रयोग राजनीतिक उद्देश्यका लागि पनि संस्थागत गरिन्छ । राजनीतिक प्रभावबाट पनि धर्मको सामाजिक व्यवहार समुदाय विशेषमा फरक फरक हुन सक्छ ।

धर्मले मठ, मन्दिर, चर्च, गुम्बा, मस्जिद आदिलाई आफ्नो आदर्श बनाएको हुन्छ । धर्म विभिन्न विश्वासहरू, प्रतीकहरू, मूल्यहरू तथा कार्यहरूको संस्थागत प्रणाली हो । यसले मानव जीवनका अहम् प्रश्नहरूको समाधान गर्दछ । सबै धर्मको सामान्य विशेषता भन्नु नै मानव जीवनको जटिलता र रहस्यात्मकतासम्बन्धी

मनोवृत्ति र भावनात्मक अनुभूतिलाई घोलेर त्यसतर्फ उन्मुख गराउनु हो । यसरी संस्थागत भएर रहने धार्मिक आस्था र व्यवहारको सामाजिक संरचनाका विषयमा विद्याभूषण र सचदेव लेख्छन्- "धर्ममा दुई थरी तत्त्व भएको विश्वास गरिन्छ । पहिलो थरीमा मनोवृत्ति, विश्वास र प्रतीकहरूका प्रणाली हुन् भने दोस्रो थरी चाहिँ यी प्रणालीहरूद्वारा प्रभावित वा शासित क्रियात्मक संरचना हुन्" (सन् १९९७, पृ. ६३१) । यही मान्यतामा आधारित रहेर धर्मलाई सामाजिक सम्बन्धको पवित्र तथा नैतिक रूपको क्रियात्मक समन्वय हो भन्न सकिन्छ । धार्मिक व्यवहार शरीर क्रियात्मक कार्य र मनोवैज्ञानिक दवाबको प्रदर्शनबाट व्यक्त हुन्छ । शरीर क्रियात्मक व्यवहारमा घुडा टेक्नु, आँखा बन्द गर्नु, चरण स्पर्श गर्नु, मन्दिर जानु, पूजापाठ गर्नु, जप, ध्यान र भजन गर्नु, दक्षिणा, भोजन र वस्त्र प्रदान गर्नु, विभिन्न संस्कारहरू गर्नु र तीर्थाटन गर्नु आदि पर्दछन् । यस्तै मनोवैज्ञानिक व्यवहारमा विभिन्न आस्था, विश्वास र परम्पराप्रतिको भावुकता, उत्तेजना, आवेग र संवेगहरू पर्दछन् ।

**अर्थव्यवस्था** :संस्थागत सामाजिक संरचनाको प्रमुख अङ्ग अर्थव्यवस्था पनि हो । मानव जातिका पेसा, व्यवसाय र उद्योगसँग सम्बन्धित आर्थिक संस्थाहरू समाजमा रहेका हुन्छन् । सामाजिक संस्थाहरूको सिङ्गो व्यवस्थाभित्र आर्थिक क्रियाकलाप गर्ने सञ्जालका रूपमा सङ्गठित सामाजिक व्यवस्था आर्थिक संस्था हो । आर्थिक संस्थाभित्र विभिन्न अङ्गउपाङ्ग हुन्छन् । तिनले एक सिङ्गो समाजको रचनामा महत्त्वपूर्ण भूमिका खेल्दछन् । आर्थिक संस्थाको स्वरूप वस्तुउत्पादनको स्वरूपले निर्धारण गरेको हुन्छ । कुनै व्यक्तिको पेसाअनुसार त्यसका क्रियाकलाप निर्दिष्ट हुन्छन् । मानव जातिका भौतिक आवश्यकता पूरा गर्नका लागि सम्पन्न गरिने सबै प्रकारका आयमूलक क्रियाकलापलाई एक प्रणालीका रूपमा सङ्गठित गरिएपछि तिनले सामाजिक मानदण्डको काम गर्छन् र आर्थिक संस्थाको रूप लिन्छन् ।

आधुनिक समाजमा आर्थिक संस्थाहरू विभिन्न रूपमा निर्माण गरिएका हुन्छन् । आर्थिक संस्थाको प्रकार्य त्यसमा आबद्ध व्यक्तिले आफ्ना सन्तान र संरक्षितलाई भोजन, वस्त्र, आश्रय र अन्य सेवा प्रदान गर्नु हो । आर्थिक संस्थाको प्रमुख भूमिका रोजगार दिने अधिकारी, मिलमालिक, जमिनदार, उत्पादक, कर्मचारी, उपभोक्ता, मजदुर, खेतीवाल आदिको हुन्छ । आर्थिक संस्थाको भौतिक तत्त्वमा कार्यालय, कारखाना, व्यापारिक प्रतिष्ठान, ठुलाव्यापारिक भवनहरू, व्यापारिक मलहरू खेतबारी, बगैचा आदि पर्दछन् । यसका प्रतीकात्मक संरचनामा पुरस्कार, प्रमाण पत्र, परिचय पत्र, गुणस्तर चिह्न, जग्गा धनी पुर्जा, मूल्यसूची, ज्याला दर, दर्जाअनुसारको तलबमान, आदि पर्दछन् (पाण्डेय, सन् १९९२, पृ. ७७) । कुनै सामाजिक व्यक्ति किसान, पशुपालक, मजदुर, उद्योगपति, व्यापारी, नेता, पुजारी, पण्डित, शिक्षक, वकिल, सैनिक आदि के छ त्यसै अनुरूप उसका सामाजिक कार्यहरू स्थापित हुन्छन् ।

**राजनीतिक व्यवस्था:**राजनीतिक संस्था मूलतः शक्ति संरचनामा आधारित हुन्छ । राज्य नै राजनीतिक संस्थाको पूर्ण रूप हो । यो सामाजिक शक्ति र सामाजिक अन्तरक्रियाको सार्वभौम स्वरूप हो । राजनीतिक संस्था व्यवस्था सिद्धान्तमा आधारित सामाजिक संस्था हो । राजनीतिक व्यवस्थालाई आधिकारिक निर्णयका लागि सामाजिक अन्तरक्रियाबाट स्थापित बाध्यकारी व्यवस्था मानिएको र निश्चित प्रदेशमा बस्ने व्यक्तिहरूको सामाजिक व्यवस्थालाई सुव्यवस्थित गरिराख्न घोषित कानुनको सहायताले दमनात्मक शक्ति प्राप्त गर्ने सङ्घलाई राज्य भनेर परिभाषित गरिएको छ (विद्याभूषण र सचदेव, सन् १९९७, पृ. ४२३) । राजनीतिक संस्थाले शक्तिकै सहायताले समाजलाई नियन्त्रित र शासित गर्छ । निश्चित जनसङ्ख्या, खास भौगोलिक क्षेत्र, एक सरकार र सार्वभौमसत्तासम्पन्न राज्य समाजमा एक स्थायी राजनीतिक संस्था बदन्छ । राजनीतिक व्यवस्था सामाजिक संरचनाको आधारभूत अङ्ग हो । राजनीतिक व्यवस्था अन्तर्गत कानुन, न्याय र प्रशासनको भूमिका महत्त्वपूर्ण हुन्छ । राजनीतिक संस्थाको प्रकार्य प्रथागत र संस्थागत नियम, कानुन र प्रतिमानलाई लागु गराउनु हो । यसमा कानुनको पालना गराउने प्रमुख भूमिका राजनीतिक संस्था र शासनलाई शिरोधार्य गर्ने आम नागरिक, जनता, कार्यकर्ता आदिको हुन्छ । यसका भौतिक तत्त्वहरूमा

सार्वजनिक भवन, सार्वजनिक कार्यालयहरू, न्यायालय, मन्त्रालय, संसद् भवन, निर्वाचन आयोग आदि पर्दछन् । सार्वजनिक सूचना र सञ्चारका साधनहरू, संविधान, कानुन, पत्रपत्रिका, विधान, आचार संहिता, झण्डा र नाराहरू प्रतीकात्मक अङ्ग हुन् (पाण्डेय, सन् १९९२, पृ. ७७) । यसरी एउटा निश्चित भूगोल र जनता भएको समाजलाई व्यवस्थित र नियन्त्रित गर्न राजनीतिक संस्थाको परिकल्पना गरिएको हुन्छ । यसले समाजमा शासन गर्दछ ।

## सांस्कृतिक परम्परा

हरेक समाजका आआफ्नै सांस्कृतिक परम्परा रही आएको हुन्छ । एउटा समाजमा ग्राहय मानिने कतिपय संस्कार र परम्परा अर्को समाजमा अग्राहय भएको देखिन्छ । सांस्कृतिक परम्परा कुनै देश, समाज वा परिवारको पहिचान हो । यसअन्तर्गत संस्कृति, सभ्यता, रूढिगत मान्यता, भाषा,शिक्षा, मनोरञ्जन, नैतिक आदर्श, भेषभूषा, खानपान तथा मूल्य जस्ता विषय पर्दछन् ।सांस्कृतिक परम्परा एक सामाजिक प्रथा हो । सांस्कृतिक प्रथाभित्र व्यक्तिलाई संस्कृत, परिस्कृत र समृद्ध गर्ने गुण विद्यमान हुन्छ । सामाजिक संरचनामा रहेका अनेकौं शास्त्र, दर्शन, साहित्य कला आदिमा अभिव्यक्त सांस्कृतिक परम्पराबाटै त्यस समाजको मानवजीवन के कस्तो छ भन्ने जानकारी गर्न सकिने भएकाले यो साहित्यमा सामाजिकता विश्लेषणको एउटा आधार बन्न गएको छ ।

**संस्कृति र सभ्यता:** नेपालीमा प्रयुक्त संस्कृति शब्द अङ्ग्रेजी 'कल्चर'को समानार्थी शब्द हो । संस्कृतिको कोशीय अर्थ परिष्कृति हो ।यो मानव निर्मित हुन्छ र कतिपय अवस्थामा प्रकृतिनिर्मित वस्तु पनि संस्कृति निर्माणको आधार बनेको हुन्छ । नदीघाँटी, सङ्गमस्थल, तालतलैया, गुफा, पर्वत आदि प्रकृति निर्मित सम्पदा हुन् । मानव निर्मित संस्कृति भौतिक र अभौतिक हुन्छ । मानव निर्मित विभिन्न उपकरण, भााडाकुाडा, कारखाना, मेसिन, भवन, विभिन्न निर्मित वस्तु र यातायात भौतिक संस्कृति हुन् । धर्म, शासन, शिक्षाजस्ता समाज निर्देशित अमूर्त वस्तुका संरचनाहरू अभौतिक संस्कृति हुन् । संस्कृतिको भौतिक रूपमा परिवर्तन भयो भने अभौतिक स्वरूपमा पनि परिवर्तन हुन्छ । भौतिक संस्कृतिको रूपमा हुने परिवतर्न शीघ्र हुन्छ भने अभौतिक संस्कृतिको रूपमा हुने परिवर्तन विस्तारै हुन्छ । संस्कृतिको भौतिक रूप र आत्मिक रूपका सम्वन्धमा तराकान्त पाण्डेय लेख्छन्-

> संस्कृतिलाई भौतिक र आत्मिक वर्गमा पनि अर्थ्याइएको पाइन्छ । जसअनुसार-भौतिक संस्कृति भन्नाले उत्पादनका औजार र प्रयोग, प्रविधि र प्रयोग, उपभोग गरिने वस्तुका गुण तथा मूल्य आदि बुझिन्छ । यो आत्मिक संस्कृतिको जग हो । आत्मिक संस्कृतिभित्र दर्शन, नैतिकता राजनीति, कानुन, विज्ञान, धर्म, कला र सौन्दर्य बोध, शिक्षा, भाषा र बोली लगायतका वैचारिक पक्ष आउाछन् (२०७३, पृ. ५४) ।

यसरी भौतिक र आत्मिक संस्कृति सामाजिक विषय भएको जानकारी प्राप्त हुन्छ । यसलाई कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थव्यवस्था र रहनसहनमा प्रतिबिम्बित हुने र तिनका कलाकौशल, बौद्धिक विकास आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलापको परिष्कृत रूप मानिन्छ । देश, काल सापेक्ष आन्तरिक, वैचारिक र परम्परागत धारणाका आचार विचार र रहनसहनबाट राष्ट्र, समाज, जाति आदिको स्वरूप खुट्टिने यावत् मान्यता, भावना, चिन्तन-मनन, भौतिक अभिव्यक्तिहरू, साधन, कला, साहित्य, दर्शन र मूल्यपरम्पराको समष्टि नामलाई संस्कृति भनिन्छ । साहित्यमा भौतिक र अभौतिक संस्कृति चित्रण गरिएको हुन्छ । भौतिक संस्कृति मूर्त हुन्छ भने अभौतिक संस्कृति अमूर्त हुन्छ । मानव विज्ञानमा संस्कृति र सभ्यता पर्यायकै रूपमा व्यवहृत हुँदै आएका छन् । संस्कृति विभिन्न मानव सभ्यतासँग गाँसिएर आउँछ । सभ्यताको तात्पर्य विभिन्न आविष्कार, उत्पादनका साधन एवम् सामाजिक राजनीतिक संस्था भन्ने हुन्छ ।

यसका माध्यमबाट मनुष्य जीवनलाई सरल र स्वतन्त्र बनाउन मार्ग प्रशस्त हुनेकुरा उल्लेख गरिएको छ ( वर्मा समेत, सन् २०००, पृ. ७१३) ।

विभिन्न शास्त्र र दर्शनमा पाइने चिन्तन, साहित्यिक चित्राङ्कन र कला सिर्जना, परोपकारका साधन र नैतिक अदर्शलाई संस्कृति भनिन्छ । संस्कृति आर्जित परम्परा हो । मानव जातिमा समूहबाट धेरै सामाजिक व्यवहारहरू सिक्ने योग्यता हुन्छ । उसले जुन व्यवहार सिक्छ त्यो नै संस्कृति हुन्छ । समाजमा गरिने गान, बजान, नृत्य, अभिनय, शिक्षण, भोजन, बस्त्रधारण जस्ता सबै सामाजिक व्यवहार संस्कृति नै हुन् । सामाजिक संस्कृति कुनै एक व्यक्तिको निजी व्यवहार हुादैन । मानिस जन्मदेखि नै आफ्नो संस्कृति सिक्न थाल्छ । त्यसैले मानव जातिलाई संस्कृतिधारक जीव भनिन्छ । संस्कृति प्राकृतिको देन नभएर मानव समाजको देन हो । प्रकृतिले प्राकृतिक पर्यावरण प्रदान गर्दछ भने मानव निर्मित संस्कृतिले सांस्कृतिक पर्यावरण प्रदान गर्दछ । समाजको सांस्कृतिक सृजना मानव मस्तिष्कमै हुने भएकाले यसका सामाजिक प्रतिमानबाट कुनै पनि लेखक वा साहित्यकार विमुख रहन सक्दैन । उसले प्रयोग गर्ने वाणी वा भाषा, खानपानको आदत, वासस्थानको सजावट, यातायाको प्रकार, वेशभूषा, भााडाकुाडा, शस्त्रास्त्र, उद्योग व्यवसाय, कला, विज्ञान, पुराण, धार्मिक गतिविधि, सामाजिक चालचलन, वंशपरम्पराको रूढि आदि विषय सांस्कृतिक प्रतिमान हुन् ।

सभ्यतालाई कतिपय अवस्थामा संस्कृतिकै रूपमा चिनाउने गरिन्छ । सभ्यता र संस्कृति एउटै सिक्काका अलग अलग पाटा हुन् । संस्कृतिको अविकसित स्वरूप, अव्यवस्थित सङ्गठन, स्वेच्छाचारी धार्मिक तथा नैतिक प्रणालीको एकरूप समाजमा विद्यमान हुन्छ । त्यही संस्कृतिले लिखित भाषा, विज्ञान, दर्शन, विशिष्ठ श्रमविभाजन तथा एक जटिल औद्योगिक र राजनीतिक प्राणाली ग्रहण गरेपछि सभ्यतामा परिणत हुन्छ । ल्याटिन भाषाको सहर अर्थ बुझाउने 'सिभिटास'बाट बनेको अङ्ग्रेजी *सिभिलाइजेशन* शब्दको नेपाली रूपान्तरण नै सभ्यता हो । सभ्यताका विषयमा सि.एन्. शङ्कर राओले लेखेका छन्-

> सभ्यता शब्दले एक व्यवस्थित सहरिया मानव जीवनको यावत् प्राप्ति र विशेषताहरू बुझाउँदछ यद्यपि सहर अपेक्षाकृत रूपमा मानव इतिहासको पछिल्लो समयमा विकसित भएको हो तैपनि सभ्यताले मानव विकासको खास अवस्थालाई सङ्केत गर्छ । यसको बिपरित संस्कृतिले चाहिँ मानवजातिका सबै तहको सामाजिक विकासको सामूहिक जीवनलाई प्रतिनिधित्व गर्दछ (सन् २०१२, पृ. २०२) ।

सभ्यता सामाजिक उपकरणका रूपमा प्रयुक्त उपयोगी वस्तु हो । यसमा प्राविधिक र भौतिक वस्तुहरूका साथै यन्त्र र उपकरणहरू पर्दछन् । सभ्यता मानव नियन्त्रित हुन्छ । विज्ञान, प्रविधि, सूचना, सञ्चार, कृषि र स्वास्थ्य क्षेत्रका यावत् उपलब्धि सभ्यता हुन् । सभ्यतालाई प्रकट रूपमा मापन गर्न सकिन्छ । सभ्यता प्रगतिको गतिमा अगाडि बढ्छ । सभ्यताको उपजलाई उन्नत बनाउन सकिन्छ । सभ्यता र संस्कृति एउटै विषय नभएर अन्योन्यश्रित हुन्छन् र सभ्यता विभिन्न रूपमा विकसित सामाजिक संस्कृतिको अलग पहिचान भएको सामाजिक रूप हो भनी उल्लेख गरिएको पाइन्छ (विद्याभूषण र सचदेव, सन् १९९७, पृ. ७३९) । संस्कृतिकै उन्नत, विकसित र परिष्कृत व्यावहारिक प्रयोग सभ्यता भएकाले यिनको समष्टिलाई संस्कृति र सभ्यता भनिएको हो ।

**रूढिगत मान्यताः** समाजमा आबद्ध व्यक्ति र समुदायका व्यवहारलाई नियन्त्रित र समाजग्राहय बनाउन विभिन्न मान्यताहरू स्थापित भएका हुन्छन् । त्यस्ता मान्यता समाजको संरचना अनुसार फरक हुन्छन् । सामाजिक मान्यता भनेको समाजमा चलिआएको विश्वास र परम्परा हो । यो एक प्रकारको सामाजिक प्रचलन हो । सामाजिक मान्यतालाई लोकरीति, लोकआचरण, लोकप्रचलन, लोकप्रथा आदिका रूपमा अर्थ्याइने भएकाले नै रूढिगत मान्यता भनिएको हो । मान्यता एक प्रकारको सामाजिक मानदण्ड हो ।

सामाजिक मान्यता यस्तो नियम वा प्रतिमान हो जसले मानव व्यवहारलाई नियन्त्रित गर्छ, सामाजिक व्यवहारलाई सहयोग पुऱ्याउछ र कुनै विशिष्ट परिस्थितिमा समाजको भावी दिशा निर्देश गर्छ भनी अर्थ्याइएको छ (पाण्डेय, सन् १९९२, पृ. ७३) । समाजमा व्यक्तिले गरेको सामाजिक व्यवहार ठिक भयो कि भएन वा उसले ठिक व्यवहार गऱ्यो कि गरेन भनेर मापन गर्ने सामाजिक विधि नै मान्यता हो । कुनै व्यक्तिको व्यवहार समाजग्राहच वा अग्राहच के भयो भनेर छुट्याउने सांस्कृतिक नियमहरू मान्यता हुन् । जी. आर. लेस्लीको मान्यतासम्बन्धी परिभाषालाई उद्धृत गर्दै कमलराज शर्मा लेख्छन्- "विविध परिस्थितिमा मानिसहरूद्वारा विकसित गराइएका नियमहरू नै सामाजिक मान्यता हुन् जसले मानिसहरूले कसरी व्यवहार गर्नुपर्छ र के गर्नु हुँदैन भन्ने कुरालाई विशिष्टीकरण गर्दछ" (२०६४, पृ. १३९) । यसरी अलग अलग धर्म अबलम्बन गर्ने हिन्दु, मुस्लिम, बौद्ध, जैन र इसाइ समाजहरूमा प्रचलित मान्यताहरू फरक हुन सक्छन् तर यी सबैखाले समाज आआफ्नै किसिमका मान्यताले निर्देशित भएका हुन्छन् ।

**शिक्षा र मनोरञ्जनः** मानव व्यवहारको बोलीचाली र समग्र ज्ञानविज्ञानको अभिलेखीकरणका लागि प्रयोग गरिने भाषा वाङ्मय हो र मानवीय समाजको महत्त्वपूर्ण संस्कृति हो । भाषाका माध्यमबाट नै समाजमा विचारको सञ्चार हुन्छ । भाषाका माध्यमबाट नै शास्त्रीय, साहित्यिक, प्राविधिक र अन्य सबै प्रकारका ज्ञानको पुस्तान्तरण हुन्छ ।तसर्थ भाषा शिक्षाको महत्त्वपूर्ण माध्याम हो ।संसारमा उपलब्ध प्राणीहरूमा मानव जाति मात्र दोहोरो कुराकानी गरेर आफ्ना विचार र धारणाहरू अरूसम्म पुऱ्याउन सक्छ । भाषा मानवीय ज्ञान र विचारको विनिमय गर्ने साधन भएकाले यसलाई मानवीय वस्तु मानिन्छ । भाषाको आफ्नै किसिमको व्यवस्था हुन्छ । भाषाको उच्चरित ध्वनिलाई लिपिबद्ध गर्न वाक्प्रतीकहरूको व्यवस्था हुन्छ । भाषा परम्परागत रूपमा मानिदै आएका वाक्प्रतीकहरूको सामाजिक सम्झौता हो जुन निःसर्त स्वीकारिदै पुस्तान्तरण भएको हुन्छ । भाषा जसले जहाँ जसरी प्रयोग गऱ्यो त्यसरी नै व्यवहृत हुने भएकाले यादृच्छिक हुन्छ । यसरी समुदाय विशेषले स्वैच्छिक प्रयोग गर्न सक्ने भएकाले संसारका भाषामा भिन्नता रहेको हो । त्यसकारण भाषा सामाजिक हुन्छ । भाषाको सामाजिक पक्षका विषयमा चूडामणि बन्धु लेख्छन्-

> भाषिक समाज त्यस्तो समाज हो अथवा मानिसहरूको त्यो समुदाय हो जहाँ एउटै किसिमका वाक्प्रतीकहरूको प्रयोग हुन्छ, एउटै भाषाका माध्यमले काम चलाइन्छ । कुनै सहर वा गाउँमा विभिन्न भाषा बोल्ने व्यक्तिहरू मिलिजुली बस्छन्, तिनीहरूलाई एउटै समाजका सदस्यका रूपमा लिन सकिन्छ तर तिनीहरूमध्ये सबैले सबैको भाषा बुझ्दैनन् भने तिनीहरूलाई एउटै भाषिक समुदायको सदस्यका रूपमा लिन सकिन्न । कुनै भाषिक समुदाय ठुलो क्षेत्रमा र कुनै सानो क्षेत्रमा फैलिएको पाइन्छ (२०४८, पृ. ७) ।

नेपालका भाषिक समुदयमा नेपाली खस/आर्य, तामाङ, गुरुङ, मगर, राई, लिम्बु, चुरोटे, थारू, मैथिली, भोजपुरी, अवधी आदि हुन् । यी समुदायका आआफ्नै भाषा छन् । कुनै भाषिक क्षेत्रमा प्रचलित एउटै भाषामा पनि व्यक्तिको ज्ञान र क्षमतानुसार फरक उच्चारण हुन सक्छ । तिनका बोलाइ र लेखाइमा फरक रूपको प्रयोग हुन सक्छ । साहित्यमा भाषाकै माध्यमबाट समाजलाई प्रतिबिम्बित गर्ने काम हुन्छ । त्यसैले साहित्यमा स्थानीय वा मानक दुवै भाषाको प्रयोग गरिएको हुन सक्छ । साहित्य लेखनमा एक वा एकभन्दा बढी भाषाको मिश्रण पनि हुन सक्छ ।

शिक्षा मानव समाजको आधारभूत आवश्यकता हो । सामान्य अर्थमा बालकलाई केही विषयको ज्ञान दिनुलाई शिक्षा भनिन्छ तापनि व्यापक अर्थमा ज्ञानको विस्तारका साथै जिज्ञासुलाई पोषण प्रदान गर्नु शिक्षा हो । शिक्षा शिक्षार्थीमा लोकआचरण हस्तान्तरण गर्ने प्रयत्न हो । समाजले शिक्षाका माध्यमबाट शिक्षार्थीले केही न केही जान्न सकोस् भन्ने उद्देश्य राखेको हुन्छ । व्यक्तिलाई समाज र सामाजिक जीवनसँग समायोजित गर्ने कला सिकाउने सामाजिक प्रक्रिया नै शिक्षा हो । शिक्षा शरीर र आत्मामा सौन्दर्य र

पूर्णताको विकास गराउने माध्यम हो, मनुष्यको क्षमतामा मानसिक शक्तिको विकासद्वारा सत्य, सौन्दर्य र श्रेष्ठताको आनन्दानुभूति गराउने ज्ञानको माध्यम हो र किशोर पिंढीलाई सामाजीकीकरण गर्ने कडी भनी उल्लेख गरिएको पाइन्छ (विद्याभूषण र सचदेव, सन् १९९७, पृ. ६७४) । यसरी शिक्षा मानव जातिलाई आन्तरिक रूपमा परिष्कृत गराउने साधन हो र सामाजिक संस्कृतिको एक पक्ष हो ।

व्यक्तिको शारीरिक र मानसिक विकासका लागि मनोरञ्जन आवश्यक हुन्छ । मनोरञ्जनका विभिन्न माध्यम हुन्छन् । खेलकुद, पर्वउत्सव र जात्राहरू मनोञ्जनका स्रोत हुन् । यसका प्रकार्यहरू कुस्ती, कपर्दी, डण्डीबीयो, मारमुङ्ग्री र विभिन्न आधुनिक खेलहरू, नाचगान, भजनकीर्तन, पूजाआजा, महादीप बाल्ने, गीत गायन, वाद्यवादन आदि हुन् । खेलको प्रशिक्षण, अभ्यास, नियमित व्ययम, कसरत, खेल प्रदर्शन, प्रतियोगिता सञ्चालन आदि प्रकार्य पनि मनोरञ्जनका स्रोत र साधन हुन् । यसमा प्रमुख भूमिका खेलाडी, गायक, नर्तक, भजनमण्डली, पुरेत, यजमान, भक्त पुजारी, प्रशिक्षक, प्रतियोगी, निर्णायक, दर्शक आदिको रहन्छ । यसका भौतिक तत्त्वहरूमा खेलमैदान, क्लब, प्रेक्षालय, रङ्गशाला, मठ, मन्दिर, गुम्बा, डबली, आागन, नदी किनार आदि पर्दछन् । स्याबासी, धाप, ताली, कप, तक्मा, सिल्ड, माला, टीका, दक्षिणा, नगद आदि यसका सामाजिक प्रकार्यको प्रतीकात्मक चिह्न हुन् । समाजमा सामूहिक मनोरञ्जन प्रदान गर्ने विभिन्न संस्थाहरू निर्माण गरिएका हुन्छन् । विभिन्न प्रकारका डवली, रङ्गमञ्च, नाट्यसमूह, क्लब, पार्क व्यवस्थापन, पुरातात्विक सम्पदा, पिङ, विभिन्न खेलकुद सङ्घ, सामुदायिक गुठी, सिनेमा, भजनमण्डली, गायनटोली, नृत्यसमूह आदि मनोरञ्जनात्मक संस्कृतिका प्रतिरूप हुन् ।

**नैतिक आदर्शर मूल्य** : आदर्श एक प्रकारको सामाजिक नियम हो । आदर्शले कस्तो हुनुपर्छ र कस्तो हुनु हुँदैन भन्ने सामाजिक नियम सिकाउँछ । आदर्शबिनाको व्यक्ति वा समाज असम्भव छ । आदर्श सामूहिक जीवनको अनिवार्य विशेषता हो । आदर्श सामाजिक मूल्यमा आधारित हुन्छ । यो कर्तव्य भावनासँग सम्बिन्धित सामाजिक व्यवहार हो । यसले व्यक्तिगत व्यवहारलाई सीमित गर्दछ । मानव व्यवहारको खास किसिमको रूपरेखा आदर्शमा नै प्राप्त गर्न सकिन्छ । सामाजिक आदर्श समाजलाई नियन्त्रण गर्ने मुख्य कडी हो । यसले चरित्र सुधार गर्न र समाजलाई व्यवस्थित गर्न मद्दत गर्दछ । विभिन्न आदर्शका बिच सङ्घर्ष पनि हुन्छ । यसैबाट समाजको अलग व्यवहार र विशेषता पहिचान गर्न सकिन्छ भन्ने उल्लेख गरिएको पाइन्छ (विद्याभूषण र सचदेव, सन् १९९७, पृ. ५८३) ।

नैतिकता भनेको कुनै पनि सामाजिक व्यवहारमा उचित र अनुचितको ज्ञान हो । नैतिकताको अभिप्राय व्यक्तिको चरित्र निर्माण हो । नैतिकता व्यक्ति र समाजको चरित्रसित सम्बिन्धित हुन्छ । इमान्दारी, चरित्रवत्ता, पवित्रता, औचित्यको दृढता, अनुशासित र न्यायको विवेक हुनु नै नैतिकता हो । नैतिकताको आधार जीवनमूल्य हो । तसर्थ नैतिकतामा तार्किकता रहन्छ । धर्मसँगै नैतिकता जोडिएको हुन्छ तापनि नैतिकता र धार्मिक नैतिकतालाई फरक विषय मानिन्छ । व्यक्ति धार्मिक नभए पनि नैतिक हुन सक्छ । नैतिकता धर्मवादको विरोधी हुन सक्छ तर धर्मसँग विमति राख्दैन । नैतिकता मूलतः मानववादी धर्म हो । नैतिकतामा मानव जातिको चालचलन, रीतिरिवाज र रूढिको विशेष भूमिका रहेको हुन्छ । प्रत्येक सामाजिक समूहको विशिष्टताअनुसार नैतिकताको स्वरूप फरक हुन्छ । समाजमा सेवा प्रदायक सूचीकार, कुचिकार, ड्राइभर, पुलिस, शिक्षक, कर्मचारी, डक्टर, वकिल, प्राध्यापक र न्यायाधीशका नैतिकतामा भिन्नता रहन्छ । सोहीअनुसार तिनको भूमिका पनि स्थापित हुन्छ भनी उल्लेख गरिएको पाइन्छ (पाण्डेय, सन् १९९२, पृ. ७८) । मानवीय आचरण र आदर्शबोधलाई परिपूर्ण गर्न तथा नैतिक विवेकलाई निर्दिष्ट गर्न नैतिक मूल्याङ्न आवश्यक हुन्छ । यो पद्धति आफैँमा मूर्त र स्पष्ट हुन्छ भनी नैतिकताका विषयमा विवेचना गरिएको पाइन्छ । (सिंह, सन् २०११, पृ. ६४) ।

साहित्यिक चरित्रहरूको अभिव्यक्ति र कार्यव्यापारमा मूल्यहरूको खोजी गर्नु र तिनको ग्राहचअग्राहच रूपको निर्धारण गर्नु साहित्यमा मूल्यको अध्ययन गर्नु हो । समाजमा कुनै काम गर्न हुन्छ वा हुँदैन भन्ने निक्यौंल मूल्यले गर्दछ । हिन्दु समाजमा विवाहपूर्वको यौनसम्पर्क गर्नु, ब्राह्मण कन्या वा कुमारले कर्म नचली चुलोचौकोमा काम गर्नु, खानपानमा भक्षाभक्षको बरबन्देज हुनु आदि मूल्यका उदाहरण हुन् । सामाजिक व्यवहारमा एकरूपता ल्याउन सामाजिक मूल्यको व्यवस्था गरिएको हो । सामाजिक मूल्य समाजको आदर्श विचार वा व्यवहारको प्रतीक बन्दछ । यसले व्यक्तिको सामाजिक भूमिकाको निर्धारण गर्दछ । मूल्य बिपरितकार्य गर्दा विरोध वा दण्डको सामना गर्नुपर्ने हुन्छ भने मूल्यअनुरूप काम गर्दा समर्थन, प्रोत्साहन, प्रशंसा र पुरस्कार प्राप्त हुन्छ । मूल्य र प्रतिमान साहित्यको मापन गर्ने मानव निर्मित कसी हो । मानिस सबभन्दा पहिले एक व्यक्ति र समाजको एकाइ हो । त्यसपछि ऊ देशदुनियाँभरको नागरिक र समाजको विशेष अङ्ग हो । त्यसैले उसका यावत् काम, कल्पना र विचारमा मूल्यको प्रश्न महत्त्वपूर्ण हुन्छ । मूल्य वैयक्तिक-पारिवारिक, मानवीय तथा सामाजिक तहमा रहेको हुन्छ । व्यक्तिको व्यक्तित्व निर्माणमा पारिवारिक मूल्य महत्त्वपूर्ण हुन्छ । व्यक्तिले परिवारबाट प्राप्त गरेको शिक्षा-दीक्षा, संस्कार-संस्कृति, आचार-विचार साहित्यिक अभिरुचि जस्ता विषय पारिवारिक मूल्यले नै निर्धारण गर्दछ । मानवीय मूल्य नवीनतायुक्त विचार र विवेक हो । परिवारले निर्माण गरेको व्यक्ति समाजका विभिन्न जाति, भाषा र समुदायसँग समाहित भएपछि व्यक्तित्व निर्माण र विघटन हुँदै जाँदा उसको विशेषमूल्य बाँकि रहेको हुन्छ । त्यही मूल्य नै मानवीय मूल्य हो । व्यक्तिमूल्य र मानवीय मूल्यको समीकरण नै सामाजिक मूल्य हो ।

## सामाजिक समस्या

समाजअनेकौं समस्याले जेलिएको जटिल सञ्जाल हो । समाजमा विभिन्न रूप, रङ, योग्यता, क्षमता र सम्बन्ध भएका मानिसहरू बसोबास गर्दछन् । समाजमा आर्थिक कारणबाट देखिने र भोगिने गरिबी र बेरोजगारीका समस्याले व्यक्तिको जीवनलाई नकारात्मक प्रभाव पारिरहेको हुन्छ । समाजमा राम्रा र नराम्रा प्रवृत्ति भएका मानिसहरूको सञ्जाल हुने भएकाले अनेकौं असल काम र आपराधिक घटनाहरू पनि घटिरहेका हुन्छन् । समाजमा घट्ने नराम्रा घटनामा मानिसभित्र रहेको अपराधवृत्तिले काम गरेको हुन्छ । समाज मानवीय आकांक्षा, ईष्याभाव, दम्भ, घमण्ड, उच्चताभाष, हीनताभाष आर्थिकसम्पन्नता र विपन्नता, मानापमान, आन्तरिक र बाहच प्रभाव आदि अनेकौं कारणबाट झगडा र युद्धको भूमरीमा फसेको हुन्छ । त्यसकारण गरिवी, बेरोजगारी, अपराधवृत्ति, युद्ध र झगडा समाजको प्रमुख समस्या बनेको हुन्छ ।

**गरिबी** : गरिबी प्रायः सबै समाजमा देखिने समस्या हो । यो आवश्यक आय आर्जनमा अवसरको अभाव, असफलता र फजुल खर्चका कारण जीवन स्तरमा हुने गिरावट हो । सांस्कृतिक उत्सवहरू मनाउँन गरिने अनावश्यक खर्चले पनि जीवन स्तरलाई अस्थिर र गरिबी उन्मुख बनाउछ । यसबाट व्यक्ति आधारभूत आवश्यकता पूरा गर्न असमर्थ भई गरिब बन्दछ । वस्तु विनिमय प्रणालीलाई पैसाले विस्थापित गरेपछि वस्तुको मूल्य निर्धारण हुन थाल्यो । त्यसपछि व्यापारमा बृद्धि हुन थालेको हो । व्यापार विस्तारको क्रमसागै मानिसमा सञ्चयको प्रवृत्ति बढ्दै गएर वितरण प्रणाली असन्तुलित हुन थालेको हो । एकाथरी सञ्चयकर्ता सुविधा सम्पन्नवर्ग बनिरहेका छन् भने अर्काथरी सञ्चय गर्न नसक्नेहरू विपन्न भएका छन् । यस प्रकार समाजका सदस्यको आर्थिक स्थितिमा देखिने अन्तरले गरिबीको समस्या सिर्जना हुन्छ र समाजले विभिन्न सामाजिक असन्तुलनको सामना गर्नुपर्छ । गरिबीका कारण पारिवारिक समस्या खडा हुन्छ । समाजमा त्यसको असर स्वरूप अनेकौं समस्याहरू देखा पर्दछन् ।गरिबीका धेरै कारण हुन सक्छन् । तीमध्ये व्यक्तिगत

स्वामीत्व र एकाधिकार, पुँजीपतिद्वारा श्रमिकवर्गको शोषण र बढ्दो जनसङ्ख्या गरिबीका प्रमुख कारण भएको उल्लेख गरिएको पाइन्छ (विद्याभूषण र सचदेव, सन् १९९७, पृ. ७८९) ।

गरिबीको वैयक्तिक, भौगोलिक, सामाजिक र आर्थिक अनेक कारण हुन्छन् । व्यक्तिको असमर्थता, प्राकृतिक प्रतिकूलता र असमान आर्थिक वितरण गरिबीको कारण बन्दछ । यसबाहेक गरिबीका अन्य कारण सन्ततिको भविष्यप्रति पूर्वजहरूको लापवारही, सिप र प्रविधिको अभाव, पराबलम्बी प्रवृत्ति, असहज भौगोलिक बनावट आदि हुन सक्छन् । गरिबी समाजमा देखिने अर्थाभाव, व्यक्तिगत विपन्नता र सामाजिक पछौटेपन हो । गरिबीका कारण व्यक्तिले समाजलाई र समाजले व्यक्तिलाई असर गर्दछ । गरिबीकै कारण पारिवारिक असमझदारी, झगडा, बेमेल जस्ता घटना घटिरहेका हुन्छन् । गरिबीले मानिसलाई मेहनती र अल्छी समेत बनाउँछ । विभिन्न चोरीका घटना र भ्रष्टाचारमा पनि गरिबीले जरा गाडेको पाइन्छ । व्यक्तिको पारिवारिक बिछोड, विखण्डन र वियोग पनि गरिबीकै कारण भइरहेको हुन्छ ।

**बेरोजगारी** : श्रमले बजार नपाउने सामाजिक अवस्था नै बेरोजगारी हो । बेरोजगारी गरिबीको निकट सम्बन्धित समस्या हो । जब व्यक्ति बेरोजगार रहन्छ तब ऊ गरिब बन्छ । मानव जाति आफ्नो अनन्त आवश्यकता पुरा गर्न आय आर्जनका काममा निरन्तर सक्रिय रहनुपर्छ । आयमूलक सक्रियता नहुनु नै बेरोजगारी हो । आयमूलक सक्रियताले मात्र व्यक्तिको जीवनस्तर उकासिन्छ । बेरोजगारीले मानिसलाई गरिबीतर्फ धकेल्ने मात्र नभई समाजलाई नै प्रतिकूल प्रभाव पार्दछ । श्रमबजारमा उपलब्ध कामको अवसरभन्दा श्रमिकको आपूर्ति बढी भएको सामाजिक अवस्थालाई बेरोजगारी भनिन्छ । व्यक्तिको आफ्नै शारीरिक दुर्वलता वा रोगको कारणबाट रोजगारी प्राप्त गर्न नसकेको अवस्था पनि बेरोजगारी हो । मौसममा फेरबदलका कारण पनि समाजमा आंशिक बेरोजगारी सिर्जना हुन्छ । कृषि, उद्योग र वाणिज्यका क्षेत्रमा आंशिक बेरोजगारीको समस्या देखा पर्दछ । शैक्षिक बेरोजगारी, प्राज्ञिक बेरोजगारी तथा प्राविधिक वेरोजगारी चाहिँ बौद्धिक जनशक्तिको सिप, दक्षता, योग्यता, क्षमता र प्रविधिलाई राज्यले उपयोग गर्न नसकेको अवस्थाहो ।

जनशक्तिको पूर्ण पचािलन गर्ने नीतिबाट सामाजिक बेरोजगारीको समाधान हुन्छ । अर्थशास्त्रीहरूले बेरोजगारीको मुख्य प्रवृत्तिबारे व्याख्या गर्दै बेरोजगारी सङ्घर्षशील हुने बताएका छन् । कामको छनोटले पनि मानिसलाई बेरोजगार बनाउाछ । व्यक्तिभित्र रहेको सामाजिक प्रतिष्ठा, जात, जाति, वंशको घमन्ड, आफ्नो समाज छोडेर अर्को समाजमा काम गर्ने चाहना, मेसिनको अत्यधिक प्रयोग आदिका कारण मानवीय क्षमता र रोजगारीमा कमी भई मानिस बेरोजगार बन्दछ । समाजशास्त्री विद्याभूषण र सचदेवले व्यक्तिको कुनै कामप्रतिको अनास्था, कामको छनोट, योग्यताको घमन्ड, गतिशीलताको अभाव, आर्थिक वितरणमा असमानता, ठुलाठुला उद्योग र कलकारखानाको स्थापना, विद्युतीय यन्त्रहरूको औद्योगिक प्रयोग आदिलाई बेरोजगारी सिर्जना गर्ने कारक तत्त्व बताएका छन् (सन् १९९७, पृ. ७९९) । यी विविध कारणबाट कामको अभाव हुने समस्या नै बेरोजगारी हो । काम गर्ने जग्गा जमिन पर्याप्त नहुनु, प्रविधिको विकास नहुनु, उद्योगधन्धाको स्थापना नहुनु, मानिसहरू बसाइँ सरेर नयाँ ठाउँमा पलायन हुनु, अल्छी हुनु, स्तरीय कामको मात्र खोजी गर्नु, कृषि पेसामा मन नलाग्नु, मेसिनले काम गर्नु आदि कारणबाट बेरोजगारीको समस्या देखा पर्दछ ।

**अपराधवृत्ति** : कुनै देशको नियम कानुनले प्रतिबन्धित गरेका कार्य र समुदाय वा समाजमा प्रचलित सामाजिक नियम विरुद्धको कार्य अपराध हो । आपराधिक कार्य गर्न प्रवृत्त रहने मानवीय स्वभाव अपराधवृत्ति हो । अपराध गम्भीर सामाजिक समस्या हो । अपराध र आपराधिक वृत्तिबाट प्रत्येक समाज कुनै न कुनै रूपमा ग्रसित छ । अपराधवृत्तिका सम्बन्धमा विद्याभूषण र सचदेवले लेखेका छन्- "समाज र कानुनले अनुमति दिएका काम नगरेर त्यस बिपरित काम गर्नु नै अपराध हो । आपराधिक कामका लागि

कानुनले दण्डको व्यवस्था गरेको हुन्छ । अपराध समाज विरोधी व्यवहार हो । यसले जनभावना र लोक प्रचलनको उल्लङ्घन गर्ने भएकाले कानुनद्वारा प्रतिबन्धित गरिएको हुन्छ" (सन् १९९७, पृ. ८००) । समाज सञ्चालनार्थ व्यवस्था गरिएको सामाजिक कानुन लिखित र अलिखित दुवै हुन सक्छ । लिखित कानुन सक्रिय नभएको कुनै समाजमा भएका लोकापवादका घटिया कार्यहरू परम्परागत मूल्यमान्यता बिपरीतका अपराध हुन् । लोकव्यवहार, रीतिरिवाज र चालचलनको अतिक्रमण पनि सामाजिक अपराध नै मानिन्छ । तसर्थ समाजले मान्यता नदिने सबै कार्यहरूलाई सामाजिक अपराध भनिन्छ ।

समाजमा हुने अपराधवृत्तिलाई संवेदनशील परिघटना मानिन्छ । समाज जात, जाति, प्रजाति, वर्ग, संस्कृति तथा जनसङ्ख्याको भौगोलिक वितरण आदिका कारण विभिन्न विजातीय वर्गमा विभाजित हुन्छ । ती वर्गका सामाजिक व्यवहारका अलग नियम हुन्छन् । यिनका बिचमा आपसी सङ्घर्ष पनि हुने गर्छ । यिनको नियन्त्रण आफ्नो समूहका सदस्यसम्म मात्र सीमित रहन्छ । विश्वास एवम् प्रथाको सामाजिक नियमले मात्र समाजमा नियन्त्रण संभव हुँदैन । समाजको जटिलतासँगै सामाजिक अपराधमा वृद्धि हुँदै गएको आजको दुनियाालाई राज्यको प्रभावकारी कानुन र दण्ड सजायको व्यवस्थाले मात्र नियन्त्रण गर्दछ । सामाजिक अपराध आकस्मिक घटना हुने भएकाले यस्तै घटना हुन्छ र यही बेला हुन्छ भन्ने तथ्याङ्क प्राप्त गर्न सकिँदैन । सामाजिक अपराधको पूर्वानुमान मात्र गर्न सकिन्छ । सामाजिक अपराध नियोजित किसिमबाट हुने हुँदा घटना घटिसकेपछि मात्र समाजमा यसको प्रभाव देखिन्छ । यसको पूर्वनियन्त्रण त्यति प्रभावकारी हुँदैन, तैपनि व्यक्तिगत एवम् सामूहिक सचेतता र सावधानीबाट अपराध कम गर्न सहयोग पुग्दछ । अपराधको वास्तविक अभिलेख अपराधी दण्डित भएपछि मात्र प्राप्त हुन्छ । अपराधका कैयौँ प्रकार हुन सक्छन् । चोरी, डकैती, तस्करी, विभिन्न प्रकारबाट गरिने हत्या, लुट, अपहरण, बलात्कार, आतङ्क, कालोबजारी, भ्रष्टचार, घुसखोरी, मानव बेचविखन, बालश्रम, दलाली, कुटपिट, बोक्सी साधना, मारण, मोहन आदि सबै सामाजिक अपराध हुन् । यस्ता कतिपय अपराध शक्तिशाली व्यक्ति तथा राजनीतिक नेतृत्वका तहबाट श्वेत आतङ्कका रूपमा गरिएका हुन्छन् । अन्य कतिपय अपराध व्यक्तिगत वा सामूहिक रूपमा घटाइने घटनाबाट पनि भएको हुन्छ ।

अपराध सबैजसो समाजको सामाजिक समस्या हो । विभिन्न समस्याकै कारणबाट अपराध भइरहेको हुन्छ । सामाजिक अपराध एक व्यक्ति वा व्यक्ति समूहले गर्दछ । तसर्थ यसमा जैविक, मनोवैज्ञानिक, सामाजिक तथा आर्थिक कारण महत्त्वपूर्ण हुन्छ । व्यक्तिमा देखा पर्ने पागलपन, उन्माद आदि ग्रन्थिदोषजन्य अपराध जैविक कारणबाट हुन्छ । कुनै व्यक्ति आफ्नै मनोवैज्ञानिक समस्याबाट सामाजिक अपराधमा प्रवृत्त हुन सक्छ । अपराधको सामाजिक कारणमा गतिशीलता, आर्थिक प्रतिस्पर्धा, सङ्घर्ष, अज्ञानता, संस्थागत त्रुटि, कामुकता, अश्लील साहित्य, फिल्म र श्रव्य-दृश्य सामग्री, सांस्कृतिक अतिक्रमण, महत्त्वाकाङ्क्षा, राजनीतिक हस्तक्षेप आदि प्रमुख हुन्छन् । व्यक्तिको ह्रासशील व्यक्तित्व र पर्यावरणले पनि अपराध कार्य गराउँदछ । यी यावत् अपराधमा प्रेरित गराउने कारणहरू समाजमा विद्यमान रहन्छन् । साहित्यमा यिनको चित्रण गरिएकै हुन्छ ।

**युद्ध र झगडा** : युद्ध र झगडा परस्पर विरोधी व्यक्ति, समूह, दल, समुदाय र देश आदिका बिचमा एकले अर्कालाई दमन गर्ने, हराउने वा मार्ने उद्देश्ले गरिने आक्रमण, लडाइँ, रणसङ्ग्राम र झगडा हो ।यो मानापमान एवं वाहच तथा आन्तरिक कारणबाट घटित हुन्छ ।युद्ध र झगडा सामाजिक समस्या हुन् । युद्धको समस्या मानव समाजको भयावह समस्या हो । विश्वमा भएका र इतिहासले अभिलेख राखेका कैयौं युद्धहरूमा धेरै जनधनको विनाश भएको छ । प्राचीन कालदेखि नै युद्ध मानव समाजको संहारकारी समस्या बनेर देखा पर्दै आएको छ । युद्ध सानो वा ठुलो जस्तो भए पनि यसको अन्तिम परिणाम विनाश नै हुन्छ । युद्ध जसले थाल्छ उसले पनि युद्धको असर भोग्नै पदर्छ । युद्धले सन्तान दरसन्तानलाई समेत पीडा दिन्छ । प्राचीन भारत वर्षमा भएको महाभारतको युद्ध र युरोपमा भएको ट्रोजन युद्ध त्यस बेलाका संहारकारी युद्ध

मानिन्छन् । आधुनिक कालका दुई ठुला विश्वयुद्ध तथा अहिले पनि कुनै न कुनै बहानामा भइरहेका आतङ्ककारी युद्धले मानव समाजलाई सन्त्रस्त बनाइरहेकै छ । प्राचीनदेखि हालसम्म भएका सबै युद्धको नकारात्मक असर मानव जातिमा परिरहेको छ । सानातिना समूह र व्यक्ति व्यक्तिबिच भएका झगडाको गणना त सम्भव नै छैन । त्यसैले युद्ध जुन उद्देश्यका लागि जसले सञ्चालन गरे पनि त्यसको परिणाम युद्धरत पक्ष र तत्कालीन समाजलाई हानिकारक हुन्छ ।

युद्ध र झगडा मुख्यरूपमा आर्थिक र मनोवैज्ञानिक कारणबाट सिर्जना हुन्छ । यसबाहेक नारी रूप र सौन्दर्य पनि युद्धको कारण बनेको पाइन्छ । रामायण, महाभारत र ट्रोजन युद्धका गूढ कारण जे भए पनि नारी रूप र सौन्दर्य ती युद्धका देखिने कारण हुन् । मूलतः आआफ्नो आर्थिक हितका लागि गरिने सङ्घर्षबाट युद्ध हुने गर्छ । युद्ध मानापमानका कारण मानव स्वभावमा देखिने एक प्रवृत्ति हो । साम्राज्यको विस्तार, पराजितहरूबाट धनदौलतको लाभ र साधनस्रोतमाथिको अधिकार प्राप्त गर्ने उद्देश्यबाट प्रेरित भएर प्राचीन कालका युद्धहरू भएका छन् । आधुनिक विश्वमा युद्धका कारण धेरै छन् । आधुनिक अर्थव्यवस्था जटिल भएकाले प्राकृतिक साधनस्रोतमाथि आधिपत्य कायम गर्न गरिने औपनिवेशिक युद्धहरू प्रायः आधुनिक विश्वमा हरेक समाजको समस्या हो । जमिन, जल, जनावर, जङ्गल, जडीबुटी आदिमा आधिपत्य जमाउन पनि युद्ध हुने गर्छ । सत्ता प्राप्तिका लागि गरिने युद्धले विश्व समाजलाई दुःख दिइरहेको छ । व्यापारिक, प्राविधिक र धार्मिक औपनिवेशिकताका साथै प्राकृतिक स्रोतको उपलब्धता पनि वर्तमान विश्वका युद्धजन्य समस्या हुन् ।

आर्थिक महत्त्वका साधनस्रोतमा पहुँच बढाउने वा अर्थोपार्जन गर्ने उद्देश्यले मात्रै विश्वमा युद्ध भएको छैन । युद्धका अन्य सामाजिक मनोवैज्ञानिक कारण पनि छन् । कुनै युद्ध जातीय अहङ्कार र राष्ट्रिय सुरक्षाका कारणबाट हुन्छ । व्यक्तिको अहम् र आनुवंशिक गुणहरूले पनि युद्धका घटना घटाउँछन् । यसमा पनि मनोवैज्ञानिक कारण बढी सक्रिय भएको हुन्छ । युद्धका अन्य कारणहरूमा सत्ताप्राप्ति, यश वा कीर्तिको महत्त्वाकाङ्क्षा, सामूहिक आत्मसम्मान, वीरताको प्रदर्शन, धार्मिक अहम्, नारी रूप र सौन्दर्यप्रतिको मोह, व्यक्तिगत, जातिगत, वर्गगत, लिङ्गगत तथा भौगोलिक अतिवाद र अहम्‌को परितुष्टि आदि युद्धका कारण हुन सक्छन् । समाजमा घट्ने युद्ध वा झगडाका घटना राज्यहरूको एकाधिकारी संप्रभुता, सत्ताको राजनीति, साम्राज्यवादी राज्य व्यवस्था, औपनिवेशिक निरङ्कुशताको अनुसरण, राष्ट्रहरूको स्वतन्त्रत अधिकारको हनन, प्रजातीय असमानता, न्यायप्रणालीमा असन्तुलन, शान्तिपूर्ण परिवर्तनकारी संरचनाको अभाव आदिका कारणबाट युद्ध र झगडाको प्रादुर्भाव हुन्छ । (विद्याभूषण र सचदेव, सन् १९९७, पृ. ८०३) । यस्ता युद्ध र झगडाको चित्रण कतिपय साहित्यिक कृतिमा गरिएको पाइन्छ । त्यस्ता समस्याको विश्लेषणउल्लिखित उपकरणहरूका माध्ययमबाट गर्न सकिन्छ ।

## निष्कर्ष

प्रस्तुत अवधारणात्मक ढाँचामा सूत्रबद्ध गरिएका सामाजिक उपकरणहरू विभिन्न स्रोतमा छरिएर रहेका वैचारिक तथ्यलाई व्यक्तिगत अध्ययन र अनुभवका आधारमा सामान्यीकरण गर्दै सङ्कलन गरिएको हो । प्रस्तुत अध्ययनबाट सामाजिकताका अनेकौं आयाम हुन सक्ने देखिन्छ । साहित्यिक कृतिको सामाजिकतालाई सामाजिक श्रेणीका आधारमा जातियता, वर्गीयता र लैङ्गिकताको दृष्टिकोणबाट भौगालिकतासँग आबद्ध गरी अध्ययन गर्न सकिन्छ । साहित्यिक कृतिमा प्रतिबिम्बित जातजाति, समुदाय, सामाजिक वर्ग र लैङ्गिक भूमिकाको श्रेणीलाई सामाजिकता अध्ययनको आधार बनाउन सकिन्छ । यस्तै साहित्यमा प्रतिबिम्बित सामाजिक संस्थाहरूलाई मूलतः व्यक्तिसमूह, पारिवारिकता, धार्मिक व्यवहार, अर्थव्यवस्था र राजनीतिक व्यवस्थाका कोणबाट समेट्न सकिने देखिन्छ । साहित्यिक कृतिमा प्रतिबिम्बित सामाजिक संस्कृतिको

अध्ययनलाई मूलतः संस्कृति र सभ्यता, रूढिगत मान्यता, शिक्षा र मनोरञ्जन, नैतिक आदर्श र मूल्यका कोणबाट उपयुक्त अध्ययन हुनसक्ने देखिन्छ ।यसरी नै सामाजिक समस्याका अनेको आयाम हुन सक्छन् तापनि साहित्यिक कृतिमा प्रतिबिम्बित सामाजिक समस्यालाई गरिबी, बेरोजगारी, अपराधवृत्ति तथा युद्ध र झगडाको कोणबाट अध्ययन गर्दा प्रमुख सम्स्याहरू समेटिने देखिन्छ । सामाजिक समस्याभित्र समाजमा देखिने मानापमा, आनितरिक तथा बाहय प्रभाव आदि जस्ता विषयलाई विश्लेषणका निम्ति उपयोग गर्न सकिन्छ । यस आलेखमा सामाजिक श्रेणी, सामाजिक संस्था, सामाजिक संस्कृति र सामाजिक समस्या जस्ता समूहलाई यस आलेखमा विभिन्न उपकरणको सहयोगबाट साहित्यिक कृतिको सामाजिकता विश्लेषण गर्न सकिने एउटा अवधारणात्मक ढाँचा प्रस्ताव गरिएको हो । प्रतावित ढाँचा साहित्यको सामाजिकता अधययनका निम्ति उपयगी हुनुका साथै यसबाट सामाजिक जटिलताको विश्लेषणमा समेत सहयोग पुग्ने विश्वास राखिएको छ । सामाजिकताका अनेकौं आयामहरूको अध्ययनमा यो एउटा सैद्धान्तिक र प्राविधिक विषयका रूपमा स्थापित हुने भएकाले उल्लिखित ढाँचाअनुसार साहित्यिक कृतिमा रहेको सामाजिकताको अध्ययन र विश्लेषणका निम्ति कोसेढुङ्गा सावित हुन सक्छ ।

## सन्दर्भ-सामग्री


आप्टे, वामन शिवराम (सन् १९९९). *संस्कृत-हिन्दी कोश,*दिल्ली : भारतीय विद्या प्रकाशन ।

क्षत्री, गणेशप्रसाद र खतिवडा सोमप्रसाद (२०५४). *हिन्दु समाज र धर्म,* विराटनगर : शिव प्रकाशन ।

दाहाल, विष्णुप्रसाद, श्यामकुमार बस्नेत (२०५७). *मानवशास्त्र ताथा समाजशास्त्र,*ललितपुर : त्रिविरा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, शशिभूषण (सन् १९९२). *मार्क्सवादी, समाजशास्त्रीय और ऐतिहासिक आलोचना,* नयाँ दिल्ली : राधाकृष्ण प्रकाशन प्रा. लि.।

फ्रोलोव, आई. टी. (सम्पा.) (सन् १९८८). *दर्शनकोश* (हिन्दी.सं.), मस्को : प्रगति प्रकाशन ।

बन्धु, चूडामणि (२०४८). *भाषा विज्ञान* (पाँचौं सं.), काठमाडौ : साझा प्रकाशन ।

मास्के, राजेन्द्र (अनु.). (सन् १९८५). *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान* (मूल लेखक भिक्टर आफनास्येभ, सन् १९८१). मास्को : प्रगति प्रकाशन ।

वर्मा, धीरेन्द्र, बर्मा, ब्रजेश्वर, भारती, धर्मवीर, चतुर्वेदी, रामस्वरूप र *रघुवंश* (सम्पा.). (सन् १९८५). *हिन्दी साहित्य कोश*-भाग एक (तेस्रो सं.), वाराणसी : ज्ञानण्डल लिमिटेड ।

विद्याभूषण र डी.आर.सचदेव (सन् १९९७). *समाजशास्त्र के सिद्धान्त*(पन्ध्रौं सं.), इलाहवाद : किताब महल ।

शर्मा, कमलराज (२०६४). *आधारभूत समाजशास्त्र तथा मानवशास्त्र* (दशौं सं.), काठमाडौं : एम्.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

सिंह, बच्चन (सन् २०११). *साहित्यका समाजशास्त्र.* इलाहवाद : लोकभारती प्रकाशन ।

Oyelola, Issac Akintoyese and Oyeyipo, Eyitayo Joseph (2020). Social StratificationÚ*Introductory Sociology,* Olakunle Abiona Ogunbameru (Ed.), Nigeria : Obafemi Awolowo University press limited, p. 125-130.

Rao, C. N. Shankar(2012). *Sociology* (17th Ed.),New Delhi : S. Chand and company limited.

Ritzar, George (2000).*Sociological Theory* (5th Ed.), Mc Graw–Hill International Edition.

Turner, Bryan S. (General Editor). (2006). *The Cambridge Dictionary of Sociology,* Cambridge : Cambridge University Press.